# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल

☎ ०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९

प.सं. : २०८२/०८३ (सहकारी शाखा)

च.नं. : १६

मिति : २०८२।०९।०८
(ने. सं. ११४६ पोहेलाथ्व तृतिया)

इटहरी उपमहानगरपालिकाको नियमन क्षेत्रभित्रका
वचत तथा ऋणको मुख्य कारोवार गर्ने सम्पुर्ण सहकारी संस्थाहरु,
इटहरी उपमहानगरपालिका, सुनसरी ।

**विषयः-सहभागिता सम्बन्धमा ।**

उपरोक्त सम्वन्धमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणले वचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहररुको नियमन अनुगमन तथा सुपरिवेक्षणको कार्यलाई प्रभावकारी वनाउने तथा सहकारी ऐन वमोजिमको वर्गिकरण र संस्थाहरुको अभिलेखिकरण गरी कार्य संचालन इजाजत पत्र प्रदान गर्ने प्रयोजन समेतका लागि **दर्ता अभिलेखिकरण सम्वन्धी मापदण्ड, २०८२** जारी गरी सोहि मापदण्ड वमोजिम सहकारी संस्थाको दर्ता अभिलेखिकरण सफ्टवेयर निर्माण भई मिति २०८२ मंसिर १० गते वाट अभिलेखिकरण प्रकृया समेत प्रारम्भ भइसकेको हुदा र यस उपमहानगरपालिकाको नियमन क्षेत्रभित्र रहि संचालनमा रहेका सहकारी संस्थाहरुवाट अभिलेखिकरण प्रकृयाको सन्दर्भमा आवश्यक समन्वय र सहयोगको लागि आग्रह समेत भएकोले तपसिलको मिति, समय र स्थानमा हुने एक दिवसिय **अन्तरकृया/अभिमुखिकरण** कार्यक्रममा यस उपमहानगरपालिकाको नियमन क्षेत्रभित्रका वचत तथा ऋणको मुख्य कारोवार गर्ने सम्पुर्ण सहकारी संस्थाका **व्यवस्थापकहरुको** अनिवार्य उपस्थितिको लागि जानकारीका साथ अनुरोध छ ।

**<u>तपसिल</u>**

मितिः-२०८२ पौष १४ गते सोमवार
समयः-विहान १०:३० वजे
स्थानः-इटहरी उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको सभाहल

०८२।०९।०८
बाल कुमार पोखरल
सहकारी शाखा प्रमुख

**<u>सादर अवगतार्थः-</u>**
श्रीमान् नगर प्रमुख ज्यूको सचिवालय, इटहरी उपमहानगरपालिका, सुनसरी ।
श्रीमान् नगर उप-प्रमुख ज्यूको सचिवालय, इटहरी उपमहानगरपालिका, सुनसरी ।
श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यूको सचिवालय, इटहरी उपमहानगरपालिका, सुनसरी ।

**<u>बोधार्थः-</u>**
श्री सूचना तथा प्रविधि शाखाः- कार्यालयको वेभसाइट तथा आधिकारीक सामाजिक सञ्जालमा सूचना अप्लोड गरिदिनुहुन